# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ८ गते ०८ साल

## भाग २

## अर्थमन्त्रालयबाट प्रकाशित

### सूचना

हाम्रो नेपालका प्रचलित मुद्रा अर्थात् चलन चल्तीमा आइरहेका पैसा, ढ्याक, पचन्नी, सुकी , मोहर, रूपैयाँका रूप आकारदेखि भिन्न नयाँ ढाँचा (डिजाइन) का एकपैसे, दुइपैसे, पाँचपैसे, दशपैसे, पचन्नी, सुकी, मोहर, रूपैयाँ इत्यादि मुद्रा चल्तीका निमित्त टक मार्न लाउनलाई उत्तम डिजाइनहरू चाहिएको हुनाले सूचना गरिन्छ. पेश हुन आएका डिजाइनहरू दाँजिदा सर्वप्रकारका सर्वोत्तम ठहरिएका जति सबै एकै व्यक्तिको भएमा मोहरू १६००। सोह्रसय पुरस्कार दिइनेछ । कसैको कुनै एक अथवा दुइ डिजाइन र कसैको अरूनै २-३ डिजाइन र फेरि अरूहरूका डिजाइनसमेत चाहिनेजति सब किसिमका मुद्राको निमित्त डिजाइनहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्वोत्तम ठहरिन गएमा छानिएका जति डिजाइनका निमित्त पनि दामासाहीबाट पुरस्कार दिइनेछ। फेरि कोही यौटाको डिजाइनको एकैपट्टिको मात्र भए पनि सर्वोत्तम ठहरियो भने त्यसको निमित्त पनि पुरस्कार दामासाहीले दिइनेछ।

१ डिजाइन पेश गर्ने ठाउँ, अर्थमन्त्रालय, करेनसीआएण्ड एक्सचेन्ज विभाग, सिंहदरबार।

२ पेश गर्नेको नाम, थर, वतन स्पष्ट खुलेको हुनुपर्छ।

३ पेश गर्ने आखिरी मिति--
कार्तिक मसान्तसम्ममा यस विभागमा आइपुग्नुपर्दछ।

अर्थमन्त्रालय

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।